प्रदेश सरकार

लुम्बिनी प्रदेश

# आन्तरिक मामिला तथा संचार मन्त्रालय

मुकाम: बुटवल, नेपाल

सूचना प्रकाशन मिति: २०७८/०८/१६

यस मन्त्रालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेशमा सूचिकृत र आवद्ध टेलिभिजन कार्यक्रम संचालन सहकार्य अनुदान अन्तर्गत एक श्रृङ्खलामा २५-३० मिनेट सम्मको टेलिभिजन कार्यक्रम उत्पादन गर्न खुला प्रतिस्पर्धाबाट टेलिभिजन छनौट गर्नुपर्ने भएकोले इच्छुक टेलिभिजनले **"संचारमाध्यमलाई अनुदान वितरण सम्बन्धी कार्यविधी, २०७८"** को दफा ९ बमोजिमका कागजातहरू सहित देहाय बमोजिमको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव संलग्न गरी १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालयमा आइपुग्ने गरि निवेदन दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र निवेदन पेश नगरेका टेलिभिजनलाई कार्यक्रम उत्पादन अनुदानको प्रतिस्पर्धामा सम्मिलित नगराइने समेत जानकारी गराइन्छ ।

**(क) प्राविधिक प्रस्तावमा अनिवार्य खुलाउनुपर्ने विवरण:**

| टेलिभिजनको नाम | ठेगाना | दर्ता नं./ मिति | नियमित प्रसारण प्रमाणपत्र पाएको मिति | Resolution Full HD (1920*1080) छ/छैन | कार्यक्रमको Frame rate कम्तिमा 25i FPS छ/छैन | आवाजको गुणस्तर कम्तिमा 48000Hz, Min 128 Kbps र Stereo System छ/छैन | दृश्य गुणस्तर MP4 Format मा वा सो भन्दा उच्च गुणस्तरमा प्रस्टसँग सुन्न सकिने श्रव्य क्षमताको उत्पादन गर्न सक्ने क्षमता छ/छैन | कार्यक्रम उत्पादन गर्ने प्राविधिक जनशक्ति / प्रस्तोताको विवरण, योग्यता र अनुभव | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

**(ख) आर्थिक प्रस्तावमा खुलाउनुपर्ने विवरण**

| टेलिभिजनको नाम | ठेगाना | दर्ता मिति | दररेट (प्रति श्रृङ्खला) | कैफियत |
|---|---|---|---|---|
| | | | | |

*द्रष्टव्य: १. टेलिभिजनले दफा ९ बमोजिमका कागजातहरू तथा प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खामबन्दी गरी पेश गर्नुपर्नेछ । आर्थिक प्रस्तावमा आफूले प्रतिश्रृङ्खला कार्यक्रम उत्पादन गर्न सक्ने दररेट प्रष्ट रूपमा खुलाउनु पर्नेछ ।*

*२. कार्यक्रम उत्पादन गर्ने टेलिभिजनले यस मन्त्रालयले उपलब्ध गरेको विषयबस्तुलाई आधार मानेर कम्तीमा १० वटा छोटा सन्देशमुलक सामग्री समेत उत्पादन गर्नुपर्नेछ।*

*३. कार्यक्रम उत्पादन गर्न छनौट हुने टेलिभिजनले मन्त्रालयसँग सम्झौता गरी उत्पादन गरेको कार्यक्रम यस मन्त्रालयको अनुमति लिई मन्त्रालयमा सूचिकृत भएका टेलिभिजनलाई प्रसारणको लागि उपलब्ध गराउनुपर्नेछ ।*

*४. कार्यक्रम उत्पादनको लागि छनौट भएको टेलिभजन सम्झौता गर्न नआएमा उक्त प्रस्तावदातालाई तीन वर्षसम्म मन्त्रालयको तर्फबाट वितरण गरिने कुनै पनि अनुदान उपलब्ध गराइने छैन ।*

*५. उत्पादन गर्नुपर्ने जम्मा श्रृङ्खला संङ्ख्या सम्झौतामा उल्लेख गरिनेछ ।*

*६. थप जानकारीको लागि यस कार्यक्रम सम्बन्धी कार्यविधी मन्त्रालयको वेबसाइट* **www.moial.lumbini.gov.np** *मा हेर्न सकिनेछ ।*